# न्यायाधिवक्ताको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ब्यबस्था गर्न बनेको विधेयक, २०६६

**प्रस्तावना**: न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाई कानूनी राज्यको अवधारणालाई मूर्तरुप दिन गुरुत्तर जिम्मेवारी बहन गर्ने न्यायाधिवक्ता सेवालाई स्वतन्त्र, निष्पक्ष र तटस्थ बनाउन, दक्षता अभिबृद्धि गर्न एवं ब्यबसायिक अधिकार, सुबिधा र उन्मुक्तिको प्रत्याभूति गर्न तथा न्यायाधिवक्ताको नियुक्ति, सेवा शर्त तथा सुबिधाका सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले,

**ब्यबस्थापिका–संसदले यो ऐन बनाएको छ।**

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "न्यायाधिवक्ताको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०६६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "न्यायाधिवक्ता" भन्नाले यस ऐन बमोजिमको "नायब महान्यायाधिवक्ता", "पुनराबेदन न्यायाधिवक्ता" र "जिल्ला न्यायाधिवक्ता" लाई सम्झनु पर्छ।

(ख) "सरकारी वकील कार्यालय" भन्नाले महान्यायाधिबक्ताको कार्यालय, पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयलाई जनाउँछ।

(ग) "परिषद्" भन्नाले दफा १२ बमोजिम गठित न्यायाधिवक्ता परिषद्लाई सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा " तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२

## सरकारी वकील कार्यालय तथा न्यायाधिवक्ता सम्बन्धी व्यवस्था

३. **<u>सरकारी वकील कार्यालय:</u>** (१) नेपालमा देहाय बमोजिमका सरकारी वकील कार्यालयहरु रहनेछन्:

(क) महान्यायाधिबक्ताको कार्यालय,

(ख) पुनराबेदन सरकारी वकील कार्यालयहरु र

(ग) जिल्ला सरकारी वकील कार्यालयहरु ।

(२) महान्यायाधिबक्ताको कार्यालय, पुनराबेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय क्रमशः सर्वोच्च अदालत, पुनराबेदन अदालत र जिल्ला अदालत रहेको स्थानमा रहनेछन् । अदालतको संरचना परिवर्तन भएमा सो संरचना बमोजिम सरकारी वकील कार्यालयको संरचना परिवर्तन गरिनेछ ।

४. **<u>सरकारी वकील कार्यालयहरुमा रहने न्यायाधिवक्ता:</u>**

(१) महान्यायाधिवक्ताको कार्यालयमा आवश्यक संख्यामा नायब महान्यायाधिवक्ताहरु र अन्य न्यायाधिवक्ताहरु रहनेछन् ।

(२) पुनरावेदन सरकारी वकील कार्यालयमा आवश्यक संख्यामा पुनरावेदन न्यायाधिवक्ताहरु र जिल्ला न्यायाधिवक्ताहरु रहनेछन ।

(३) जिल्ला सरकारी वकील कार्यालयमा आवश्यक संख्यामा जिल्ला न्यायाधिवक्ताहरु रहनेछन ।

५. **<u>न्यायाधिवक्ताको सेवा व्यावसायिक सेवा हुने</u>**: (१) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (६) बमोजिम महान्याधिवक्ताले सुम्पेको र प्रचलित कानून बमोजिम नेपाल सरकारको हक हित र सरोकार निहित रहेको मुद्दामा अभियोजन, बहस पैरवी, प्रतिरक्षा तथा कानूनी सल्लाह समेतका व्यावसायिक काम गर्ने न्यायाधिवक्ताको सेवा व्यवसायिक हुनेछ ।

(२) न्यायाधिवक्तालाई ब्यबसायिक स्वतन्त्रता तथा उन्मुक्ति र कार्यात्मक स्वायत्तता हुनेछ।

६. **<u>सरकारी वकील कार्यालयमा अन्य कर्मचारी रहने:</u>** (१) महान्यायाधिवक्ता र न्यायाधिवक्ताहरुले गर्ने काममा सहायता पुऱ्याउन तथा न्याय प्रशासन सम्बन्धी अन्य

कार्य गर्न निजामती सेवाका कर्मचारीहरु रहने छन् । निजहरुको सेवा शर्त सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) यो ऐन प्रारम्भ हुदाका बखत नेपाल न्याय सेवा सरकारी वकील समूहमा कार्यरत कर्मचारी यस ऐन अन्तर्गत न्यायाधिवक्ता पदमा नियुक्त नभएमा यथाबत सोही सेवा समूह वा श्रेणीको पदमा रहनेछन् ।

## परिच्छेद- ३

## न्यायाधिवक्ताको नियुक्ति

७. **नायब महान्यायाधिबक्ताको नियुक्ति र योग्यता** (१) प्रधान न्यायाधीशले परिषद्को सिफारिसमा नायब महान्यायाधिबक्ताको नियुक्ति गर्नेछ ।

(२) पुनराबेदन न्यायाधिबक्ता वा सो सरहको न्याय सेवाको पदमा रही पाँच बर्ष वा न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कम्तीमा दश बर्ष काम गरेको वा कानूनमा स्नातक अधिवक्ता वा वरिष्ठ अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष वकालत गरेको वा कानूनमा स्नातक उपाधी प्राप्त गरी कम्तीमा पन्ध्र वर्षसम्म कानूनको अध्यापन, अन्वेषण वा न्याय वा कानूनको क्षेत्रमा काम गरी विशिष्ट कानूनविद्का रुपमा ख्याति प्राप्त गरेको ब्यक्ति मात्र नायब महान्यायाधिबक्ता पदमा नियुक्तिका लागि योग्य मानिनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि यो ऐन प्रारम्भ हुँदा न्याय सेवा सरकारी वकील समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा काम गरेको अवधिलाई समेत पुनरावेदन न्यायाधिवक्ता भई काम गरेको अवधि मानिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत नायब महान्यायाधिबक्ताहरु यस ऐन बमोजिम नायब महान्यायाधिबक्ताको पदमा नियुक्त हुन योग्य मानिनेछन् ।

८ **पुनराबेदन न्यायाधिवक्ताको नियुक्ति र योग्यता:** (१) प्रधान न्यायाधीशले परिषद्को सिफारिसमा पुनरावेदन न्यायाधिबक्ताको नियुक्ति गर्नेछ ।

(२) एकभन्दा बढी पुनरावेदन न्यायाधिवक्ता रहने कार्यालयमा बरिष्ठतम् पुनरावेदन न्यायाधिवक्ताले मुख्य भई काम गर्नेछ ।

(३) कानूनमा स्नातकोपाधि प्राप्त गरी जिल्ला न्यायाधिवक्ता वा न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा रही कम्तीमा पाँच वर्ष काम गरेको वा कानूनमा स्नातक वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रुपमा कम्तीमा दश वर्ष वकालत गरेको वा कानूनमा स्नातक उपाधी प्राप्त गरी कम्तीमा दश वर्ष कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा काम गरेको नेपाली नागरिक पुनरावेदन न्यायाधिवक्ताको पदमा नियुक्तिका लागि योग्य मानिनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि यो ऐन प्रारम्भ हुँदा न्याय सेवा सरकारी वकील समूहको राजपत्राङ्कित द्वितीय श्रेणीमा काम गरेको अवधिलाई समेत जिल्ला न्यायाधिवक्ता भई काम गरेको अवधि मानिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत न्याय सेवा सरकारी वकील समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा कार्यरत सहन्यायाधिवक्ताहरु यस ऐन बमोजिम पुनरावेदन न्यायाधिबक्ताको पदमा नियुक्त हुन योग्य मानिनेछन् ।

**९ जिल्ला न्यायाधिवक्ताको नियुक्ति र योग्यता:** (१) प्रधान न्यायाधीशले परिषद्को सिफारिसमा जिल्ला न्यायाधिवक्ता पदमा नियुक्ति गर्नेछ ।

(२) एकभन्दा बढी जिल्ला न्यायाधिवक्ता रहने कार्यालयमा बरिष्ठतम् जिल्ला न्यायाधिवक्ताले मुख्य भई काम गर्नेछ ।

(३) कानूनमा स्नातकोपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेको वा कानूनमा स्नातक भई बार काउन्सिल परीक्षा उत्तीर्ण गरी अधिवक्ताको रुपमा कम्तीमा आठ वर्ष वकालत गरेको वा न्याय र कानूनको क्षेत्रमा कम्तिमा आठ वर्ष काम गरेको वा कानूनमा स्नातक उपाधी प्राप्त गरी बार काउन्सिल परीक्षा उत्तीर्ण गरी कम्तिमा आठ वर्ष कानूनको अध्यापन, अन्वेषण गरेको नेपाली नागरिक जिल्ला न्यायाधिवक्ताको पदमा नियुक्तिका लागि योग्य मानिनेछ ।

(४) उपदफा (३) बमोजिम कानूनमा स्नातक अधिवक्ता वा न्याय र कानूनको क्षेत्रमा काम गरेको वा कानूनमा अध्यापन गरेको व्यक्तिलाई जिल्ला न्यायाधिवक्तामा नियुक्ती गर्दा परिषद्बाट लिईने लिखित र मौखिक परीक्षाबाट उर्तिण भएका व्यक्तिलाई नियुक्त गरिनेछ । त्यस्तो परीक्षा प्रणाली र अन्य कार्यविधि नियमद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल न्याय सेवा सरकारी वकील समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको जिल्ला न्यायाधिवक्ता वा उप-न्यायाधिवक्ता पदमा कार्यरत ब्यक्ति जिल्ला न्यायाधिबक्ता पदमा  नियुक्त हुन योग्य मानिनेछ ।

## परिच्छेद- ४

## सरुवा तथा काज

**१०. सरुवाः** (१) प्रधान न्यायाधीशले परिषद्को सिफारिशमा न्यायाधिवक्तालाई एउटा कार्यालयबाट अर्को कार्यालयको समान पदमा सरुवा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको सरुवाको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

**११ काज**ः (१) महान्यायाधिवक्ताले आवश्यकतानुसार न्यायाधिवक्तालाई महान्यायाधिवक्ताको कार्यालय वा अन्य सरकारी वकील कार्यालयमा बढीमा छ महिनाका लागि काजमा खटाउन सक्नेछ ।

तर नेपाल सरकारले परिषद्सँग परामर्श लिई न्यायाधिवक्तालाई न्यायिक जाँचबुझको काममा वा कानून वा न्याय सम्बन्धी अनुसन्धान, अन्वेषण, निर्वाचन, संबैधानिक निकाय, आयोग वा अन्य राष्ट्रिय सरोकारका काममा खटाउन सक्नेछ ।

## परिच्छेद-५

## न्यायाधिवक्ता परिषद्

**१२ न्यायाधिवक्ता परिषद्** (१) यस ऐन बमोजिम न्यायाधिवक्ताहरुको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खासीको सिफारिश गर्न र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरुको परामर्श दिन एउटा न्यायाधिवक्ता परिषद् रहनेछ जसमा देहाय बमोजिम अध्यक्ष र सदस्य हुनेछन् ।

(क) प्रधान न्यायाधीश — अध्यक्ष

(ख) न्याय मन्त्री — सदस्य

(ग) लोक सेवा आयोगको अध्यक्ष — सदस्य

(घ) महान्यायाधिबक्ता सदस्य

(ङ) महान्यायाधिवक्ताको परामर्शमा प्रधानन्यायाधीशले तोकेको नायब महान्यायाधिवक्ता सदस्य-सचिव

**स्पस्टीकरण:** यस दफाको प्रयोजनका लागि मन्त्री भन्नाले स्वतन्त्र कार्यभार भएको राज्य मन्त्री समेतलाई जनाउनेछ ।

(२) प्रधान न्यायाधीशले महान्यायाधिवक्ताको सिफारिशमा परिषद्को बैठक बोलाउने छ।

(३) परिषद्को निर्णय बहुमतको आधारमा हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(४) अध्यक्ष र महान्यायाधिवक्ता सहित तीनजना सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको निमित्त गणपूरक संख्या पुगेको मानिने छ । कुनै सदस्यको पद रिक्त रहेको कारणले परिषद्को कामकारवाही रोकिने छैन ।

(५) परिषद्ले गरेको निर्णयको अभिलेख सदस्य सचिवले तयार गरि राख्नेछ ।

(६) परिषद्को कार्यसम्पादन र कार्यबिधि नियमित गर्न परिषद्ले नियम बनाउन सक्नेछ।

(७) परिषद्को अन्य काम कर्तब्य र अधिकार परिषद्ले बनाएको नियममा तोकिए बमोजिम हुनेछ ।

**१३. नियुक्तिको लागि सिफारिश गर्दा अपनाउनु पर्ने कार्यविधि** : (१) यस ऐन बमोजिम न्यायाधिवक्ताको पदमा नियुक्तिको लागि सिफारिश गर्दा परिषद्ले देहायको कुराहरुको अतिरिक्त सिफारिश गर्नु पर्ने अन्य कारण र आधार समेत प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ :-

(क) यस ऐन र अन्य कानून बमोजिम न्यायाधिवक्ताको पदमा नियुक्ति हुन योग्यता पुगेको ।

(ख) वरिष्ठता, शैक्षिक योग्यता, अनुभव, बिषयवस्तुको ज्ञान, कार्यकुशलता, ब्यबसायिक दक्षता, ईमान्दारिता, निष्पक्षता र नैतिक आचरण आदि कुराहरुको दृष्टिकोणबाट न्यायाधिवक्ताको पदमा नियुक्त हुन उपयुक्त भएको ।

(ग) परिषद्‌ले न्यायाधिवक्ता पदमा नियुक्तिको लागि योग्यता पुगेका व्यक्तिहरु मध्येबाट सिफारिश गर्दा समावेसी सिद्धान्त समेतलाई ध्यान दिई महिला, दलित, आदिवासी जनजाति, मधेसी तथा पिछडिएको बर्गको प्रतिनिधित्व हुनेगरी गर्नेछ ।

(२) नियुक्तिको लागि सिफारिश गर्दा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## न्यायाधिवक्ताको आचरण र कारबाही

**१४ खराब आचरण** : (१) देहायको अवस्थामा न्यायाधिवक्ताको आचरण खराब भएको मानिनेछ :-

(क) प्रचलित कानून बमोजिम भ्रष्टाचार ठहरिने कुनै काम गरेमा,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएमा ।

(२) न्यायाधिवक्ताका आचरण सम्बन्धी अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

(३) आचरण विपरित कार्य गर्ने न्यायाधिवक्तालाई महान्यायाधिवक्ताले अवस्था अनुसार सचेत गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सचेत गराउदा पनि आफ्नो काम, कारबाही वा आचरणमा सुधार नगर्ने न्यायाधिवक्ता उपर यस ऐन अनुसार कारबाही चलाउन महान्यायाधिबक्ताले परिषद्‌लाई लेख्न सक्नेछ ।

तर, खराब आचरणको अभियोगमा कारवाही चलाउनको लागि यस दफा बमोजिम सचेत गराउन आवश्यक हुने छैन ।

**१५ कार्य क्षमताको अभाव:** देहायको अवस्थामा न्यायाधिवक्तामा कार्य क्षमताको अभाव रहेको मानिनेछ :

(क) उचित र पर्याप्त कारण बिना जानीजानी वा बद्नियतपूर्बक हदम्याद भित्र मुद्दाको अभियोजन, कारवाही वा निर्णय नगरेको,

(ख) मुद्दाको अभियोजन, कारवाही वा निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट व्याख्या वा अर्थलाई छोडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी सो कारवाही वा निर्णयमा अनुचित असर पुऱ्याएको,

(ग) एउटै कानूनी प्रश्नमा भिन्न भिन्न मुद्दामा भिन्नभिन्न कारवाही वा निर्णय गरेको,

तर पहिले कुनै मुद्दामा व्यक्त भएको आफ्नो निर्णय त्रुटीपूर्ण छ भन्ने लागी त्यसको आधार र कारण उल्लेख गरी आफ्नो निर्णयमा परिवर्तन गरेकोमा यो खण्ड लागू हुने छैन ।

**१६ पदीय कर्तव्यको इमान्दारी पूर्वक पालन नगरेको:** देहायको अवस्थामा न्यायाधिवक्ताले आफ्नो पदीय कर्तव्यको इमान्दारी पूर्वक पालन नगरेको मानिनेछ :

(क) मुद्दालाई अनुचित रुपमा प्रभावित गर्ने मनसायले जानी जानी कुनै काम गरेको,

(ख) बिदा दिने अधिकारीबाट बिदा स्वीकृत नगराई वा त्यस्तो अधिकारीसँग पूर्व अनुमति नलिई कार्यालयमा बारम्वार अनुपस्थित रहने गरेको,

(ग) माथिल्लो तहको आदेश निर्देशनको पालना नगरेको वा गर्न आलटाल गरेको ।

**१७. न्यायाधिवक्ता उपर कारवाही** : (१) परिषद्ले गरेको जाँचबुझ तथा अनुसन्धानबाट कुनै न्यायाधिवक्ताको कार्य क्षमताको अभाव वा खराब आचरण भएमा वा आफ्नो पदीय कर्तव्यको पालन इमान्दारीपूर्वक नगरेको देखिएमा त्यस्तो न्यायाधिवक्तालाई कसूरको गाम्भिर्यता अनुसार निजको पदबाट मुक्त गर्न वा चेतावनी दिन परिषद्ले सिफारिश गर्न सक्नेछ । यसरी सिफारिस गरेमा प्रधान न्यायाधीशले त्यस्तो सिफारिस बमोजिम न्यायाधिवक्तालाई चेतावनी दिन वा पदबाट मुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जाँचबुझ तथा अनुसन्धानबाट कुनै न्यायाधिवक्ताले भ्रष्टाचार गरेको देखिन आई निज उपर कानून बमोजिम मुद्दा चलाउन आवश्यक छ

भनी परिषद्ले निर्णय गरेमा निज उपर परिषद्को सदस्य सचिबले सम्बन्धित पुनराबेदन अदालतमा अभियोग पत्र प्रस्तुत गर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सिफारिश वा निर्णय गर्नु भन्दा पहिले परिषद्ले आरोप लागेको न्यायाधिवक्तालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्छ र सो प्रयोजनको लागि निजको बयान लिन, प्रमाण संकलन गर्न र राय सहितको प्रतिवेदन पेश गर्न परिषद्को कुनै एक सदस्यको अध्यक्षतामा एउटा जांचबुझ समिति गठन गरी आरोपको जांचबुझ तथा अनुसन्धान गराउनु पर्नेछ ।

(४) जाँचबुझ र अनुसन्धानको प्रकृया तोकिए बमोजिम हुनेछ ।

१८. **पदीय कर्तव्य पालन गर्नबाट रोक लगाउन सकिने** : (१) यस ऐन बमोजिमको जांचबुझ गर्न जांचबुझ समिति गठन गरिएमा जांचबुझको काम समाप्त नभएसम्म आरोप लागेको न्यायाधिवक्तालाई निजको कर्तव्य पालन गर्नबाट रोक लगाउनु पर्ने कुरा परिषद्लाई लागेमा सो व्यहोरा महान्यायाधिबक्ता समक्ष लेखी पठाउनेछ र महान्यायाधिवक्ताले सो बमोजिम रोक लगाउन पर्नेछ । यसरी रोक लगाउँदा छ महिना भन्दा बढी अवधी हुनेगरी त्यस्तो आरोप लागेको न्यायाधिवक्तालाई निजको कर्तब्य पालनाबाट रोकलगाउन सकिनेछैन ।

(२) यस दफा बमोजिम कारबाही समाप्त नभएसम्म आरोप लागेको न्यायाधिवक्ताले खाइपाइ आएको तलवको आधा मात्र तलब पाउनेछ ।

तर, आरोपबाट सफाई पाउने न्यायाधिवक्ताले पदमा बहाल भएपछि बांकी रहेको तलव एकमुष्ट पाउनेछ ।

## परिच्छेद-७

## न्यायाधिवक्ताको पारिश्रमिक तथा सुबिधा

**१९ पारिश्रमिक :** (१) न्यायाधिवक्ताले अनुसूची-१ बमोजिमको मासिक पारिश्रमिक पाउनेछन् ।

(२) नेपाल सरकारले निजामती कर्मचारीको पारिश्रमिक बृद्धि गर्दा न्यायाधिवक्ताको पनि सोही अनुपातमा बृद्धि गर्नेछ ।

**२० दुर्गम स्थान भत्ता :** दुर्गम स्थानमा कार्यरत न्यायाधिवक्ताले पारिश्रमिकको अतिरिक्त निजामती कर्मचारीले पाए सरहको दुर्गम स्थान भत्ता समेत पाउनेछन् ।

**२१ बिजुली, धारा, टेलिफोन र इन्टरनेट सुविधा :** (१) न्यायाधिवक्ताको आवासमा एक लाईन टेलिफोन र इन्टरनेट जडान गर्न लाग्ने खर्च र धरौटी बापत लाग्ने रकम नेपाल सरकारले व्यहोर्नेछ । यसरी जडान भएको टेलिफोन नेपाल सरकारको स्वामित्वमा रहनेछ ।

(२) न्यायाधिवक्ताका आवासमा जडान गरिएको बिजुली, धारा, टेलिफोन र इन्टरनेटको महसुल बापत अनुसूची-१ बमोजिमको रकम उपलब्ध गराइनेछ ।

**२२ संचयकोष** : न्यायाधिवक्ताको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले संचयकोष कट्टा गरी सो कट्टा भएको रकममा नेपाल सरकारले शतप्रतिशत थप गरी संचयकोषमा जम्मा गरी दिनेछ ।

**२३ दैनिक तथा भ्रमण भत्ता:** न्यायाधिवक्ता आफू नियुक्त वा सरुवा भएको वा काज खटिएको स्थानमा जाँदा वा आफ्नो ओहदा सम्बन्धी काममा नेपालभित्र वा बिदेशमा भ्रमण गर्दा निजलाई प्रचलित दैनिक तथा भ्रमण खर्च नियमावली बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

**२४. सवारी तथा ईन्धन सुबिधा** : (१) प्रत्येक न्यायाधिवक्तालाई ड्राईभर सहितको मोटर एक र त्यस्तो मोटरको लागि नायब महान्यायाधिवक्तालाई मासिक एक सय पचास लिटर पेट्रोल र त्रैमासिक पा“च लिटर मोबिल, पुनरावेदन न्यायाधिवक्तालाई मासिक एक सय लिटर पेट्रोल र त्रैमासिक पा“च लिटर मोबिल र जिल्ला न्यायाधिवक्तालाई मासिक असी लिटर पेट्रोल र त्रैमासिक पा“च लिटर मोबिल नेपाल सरकाले उपलब्ध गराउनेछ ।

(२) आफ्नो निजी मोटर प्रयोग गर्ने न्यायाधिवक्तालाई ड्राइभरको निमित्त नेपाल सरकारको हल्का सवारी चालकको तलबमानको शुरु अङ्क बराबरको रकम र सवारीको निमित्त उपदफा (१) बमोजिमको इन्धन र तोकिए बमोजिम मर्मत खर्च नेपाल सरकारले उपलब्ध गराउनेछ ।

**२५. पुस्तक तथा पत्र पत्रिका खर्च** : प्रत्येक न्यायाधिवक्तालाई निजले पाउने वार्षिक तलबको वीस प्रतिशत रकम प्रतिबर्ष पुस्तक तथा पत्रपत्रिका खर्च वापत दिइनेछ । त्यसरी प्राप्त रकमबाट खरिद गरेको बिल सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ । यस वापत प्राप्त रकममा आयकर लाग्ने छैन ।

**२६. आवास सुबिधा** : (१) सरकारी वकील कार्यालय रहेको स्थानमा उपयुक्त घर नहुने न्यायाधिवक्तालाई आवासको निमित्त भाडाको घरमा बस्नु परेमा निजलाई

मासिक पारिश्रमिकको पचास प्रतिशत मासिक घरभाडाको रकम दिइनेछ । कुनै न्यायाधिवक्ता आफ्नै घरमा बसेमा उक्त घर मर्मत खर्च वापत मासिक पारिश्रमिकको पच्चीस प्रतिशत रकम मर्मत खर्च उपलब्ध गराइनेछ ।

(२) यस ऐन बमोजिम पहिलो पटक न्यायाधिवक्ता पदमा नियुक्ति हुदा एक महिनाको तलब बराबरको रकम र सरुवा हुदाका अबस्थामा आधा महिनाको तलब बराबरको रकम आबास ब्यबस्थापन बापत उपलब्ध गराईनेछ ।

२७. **परिचर सुविधा:** न्यायाधिवक्ताको आवासमा काम गर्न परिचर सुविधा बापत कार्यालय सहयोगीको सुरु तलबस्केल बराबरको रकम उपलब्ध गराईनेछ ।

२८. **चाडपर्व खर्च तथा अन्य सुविधा** : (१) न्यायाधिवक्ताले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने चाडपर्वको लागि खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ । यस्तो रकम एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

(२) निवृत्तभरण पाउने गरी अवकाशप्राप्त न्यायाधिवक्तालाई निजले पाउने एक महिनाको निवृत्तभरण बराबरको रकम चाडपर्व खर्चको रुपमा दिइनेछ ।

(३) न्यायाधिवक्ताले पाउने उपचार खर्च, अशक्त वृत्ति, अंगभंग भएबापत पाउने सुविधा, शैक्षिक भत्ता, सन्तति वृत्ति, शिशुस्याहार भत्ता वा अन्य सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९ **बीमा सुविधा सम्बन्धी व्यवस्था** : (१) न्यायाधिवक्ताको सेवामा छँदै मृत्यु भएमा निजको नजिकको हकवालालाई बीमा बापत दश लाख रुपैयाँ एकमुष्ट प्रदान गरिनेछ।

(२) नेपाल सरकारले एउटा सावधिक जीवन बीमा कोष स्थापना गर्नेछ । प्रत्येक न्यायाधिवक्ताको मासिक तलबबाट दुईसय रुपैयाँ कट्टा गरी सो कोषमा जम्मा गरिनेछ र त्यति नै रकम नेपाल सरकारले थप गरी बीमाङ्क रकम एक लाख रुपैयाँको बीस वर्षे सावधिक जीवन बीमा गरिदिनेछ । सो बीमा कोषमा जम्मा भएको रकममध्येबाट न्यायाधिवक्ता सेवा निवृत्त हुँदा निजलाई बीमाङ्क रकम र बोनस भुक्तानी दिइनेछ ।

(३) उपदफा (२) बमोजिम रकम कट्टा गर्न शुरु गरेको बीस वर्ष अवधि नपुगी कुनै न्यायाधिवक्ता सेवाबाट अनिवार्य अवकाश पाएमा देहाय बमोजिमको रकम प्रदान गरिनेछ :-

(क) एक वर्षभन्दा कम अवधिको रकम कट्टी गरिएको भएमा दश हजार रुपैयाँ,

(ख) एक वर्षदेखि पाँच वर्षसम्म रकम कट्टी गरिएको भएमा पच्चीस हजार रुपैयाँ,

(ग) पाँच वर्षदेखि दश वर्षसम्म रकम कट्टी गरिएको भएमा पचास हजार रुपैयाँ,

(घ) दश वर्षदेखि पन्ध्र वर्षसम्म रकम कट्टी गरिएको भएमा पचहत्तर हजार रुपैयाँ,

(ङ) बीस वर्षसम्म रकम कट्टी गरिएको भएमा एक लाख रुपैयाँ ।

तर निजले जम्मा गरेको रकम र सोको व्याज, लाभांश रकम उल्लिखित रकम भन्दा बढी हुन आएमा सोही बराबरको रकम उक्त कोषबाट प्रदान गरिनेछ ।

(४) कुनै न्यायाधिवक्ताले उपदफा (१) बमोजिम रकम जम्मा गर्न शुरु गरेको बीस वर्ष नपुगी मृत्यु भएको वा अनिवार्य अवकाश भएको अवस्थामा बाहेक अन्य जुनसुकै किसिमबाट सेवाबाट अवकाश भएमा त्यस्तो न्यायाधिवक्तालाई समर्पण मूल्य बराबरको रकम उपलब्ध गराइनेछ ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अवकाशहुने न्यायाधिवक्ताले सावधिक जीवन बीमा बापत जम्मा गरेको रकम बीस वर्ष वा सोभन्दा कम अवधिमा परिपक्व हुने गरी निरन्तरता दिन सक्नेछ ।

तर सो बापत नेपाल सरकारले कुनै रकम व्यहोर्ने छैन ।

(६) सावधिक जीवन बीमा कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३०. <u>सुविधा बृद्धि गरिने:</u>** नेपाल सरकारले समय समयमा अनुसूचीमा हेरफेर गरी तथा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी न्यायाधिवक्ताको पारिश्रमिक तथा पारिश्रमिकको अनुपातमा अन्य सुबिधा बृद्धि गर्नेछ ।

**३१. <u>बिदाः</u>** न्यायाधिवक्ताले देहायका बिदाहरू तोकिएबमोजिम पाउने छन्:-

(क) भैपरी आउने र पर्व बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) प्रसूति बिदा,

(ङ) प्रसूति स्याहार बिदा,

(च) किरिया बिदा,

(छ) अध्ययन बिदा,

(ज) असाधारण बिदा ।

## परिच्छेद-८

## न्यायाधिवक्ताको अवकाश, उपदान र निवृत्तभरण

**३२. पदबाट मुक्त हुने**: (१)देहायका अवस्थामा न्यायाधिवक्ता आफ्नो पदबाट मुक्त हुनेछन्:

(क) निजले महान्यायाधिबक्ता मार्फत प्रधान न्यायाधीश समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पैसठ्ठी बर्षको उमेर पूरा भएमा,

**स्पस्टीकरण:** यस प्रयोजनका लागि उमेरको गणना गर्दा निजले सेवा प्रवेश गर्दा पेश गरेको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र मध्ये जुन पहिला हुन्छ , सोही उमेरलाई आधार मानिनेछ ।

(ग) कार्य क्षमताको अभाव,खराव आचरण, इमान्दारीपूर्वक आफ्नो कर्तब्यको पालन नगरेको, भन्ने आधारमा पदमुक्त गर्ने भनी परिषद्को सिफारिस बमोजिम प्रधानन्यायाधीशबाट पदमुक्त भएमा,

(घ) निजको मृत्यु भएमा ।

(२) कुनै न्यायाधिवक्ता शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रुपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले निजलाई निजको सेवा अवधिमा बढीमा सातवर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ ।

**३३. <u>उपदान</u>** : (१) पाँच वर्ष वा सो भन्दा बढी न्यायाधिवक्ता सेवामा बहाल गरेको तर निवृत्त भरण पाउने अवधि नपुगेको न्यायाधीवक्ताले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछ :-

(क) पाँच वर्षदेखि दश वर्षसम्म काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महीनाको तलब,

(ख) दश वर्ष भन्दा बढी पन्ध्र वर्षसम्म काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महीनाको तलब ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायाधिवक्ताको सेवामा बहाल रहने वा सो सेवा पाउने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो न्यायाधिवक्तालाई उपदान दिइने छैन र प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

**३४ <u>निवृत्तभरण</u>** : (१) १५ वर्ष वा सो भन्दा बढी समयसम्म बहाल गरेको न्यायाधिवक्ताले देहाय बमोजिमको हिसाबले मासिक निबृत्तभरण पाउनेछ :-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{\text{५०}}$$

तर-

(१) भ्रष्टाचारको अभियोगमा सेवाबाट बरखास्त गरिएको न्यायाधिवक्ताले यस दफा बमोजिम निवृत्तभरण पाउनेछैन ।

(२) सेवामा बहाल रहने वा सो सेवा पाउने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो न्यायाधिवक्तालाई निवृत्तभरण दिइने छैन र प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला न्यायाधिवक्ताको तलबको सुरु अंकको आधा भन्दा कम हुने छैन ।

(४) दश वर्ष सेवा अवधि पूरा गरी पन्ध्र वर्ष सेवा अवधि नपुगेको कुनै न्यायाधिवक्ताको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्षसम्म थप गरी निजको परिवारलाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ ।

**स्पस्टीकरण:** यस परिच्छेदको प्रयोजनका लागि “परिवार” भन्नाले न्यायाधिवक्तासंग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति,.पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहित महिला न्यायाधिवक्ताको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिला न्यायाधिवक्ताको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(५) कुनै सरकारी पदमा अघि गरेको सेवा बापत निवृत्तभरण पाइरहेको व्यक्ति पछि न्यायाधिवक्ताको पदमा नियुक्त भएमा निजले पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोडी यस दफा बमोजिम निवृत्तभरण लिन पाउनेछ ।

**३५. निवृत्तभरणमा वृद्धि** : बहालवाला न्यायाधिवक्ताको तलब वृद्धि हुँदा तलबको शुरु अंकमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका निवृत्त न्यायाधिवक्ताको निवृत्तभरण रकममा पनि थप गरिनेछ ।

**३६ पारिवारिक निवृत्तभरण र उपदान** : (१) कुनै न्यायाधिवक्ताको सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई वा निजको नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई दफा ३३ वा दफा ३४ मा लेखिए बमोजिम उपदान वा निवृत्तभरण प्राप्त हुनेछ ।

तर निवृत्तभरणको हकमा यस्तो निवृत्तभरण सात वर्ष भन्दा बढी समय प्राप्त हुने छैन । निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दैमा मृत्यु भएको न्यायाधिवक्ताको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने व्यक्ति नाबालक रहेछ भने निज बालिग नभएसम्म त्यस्तो निवृत्तभरण पाउनेछ ।

(३) न्यायाधिवक्ताको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उपदफा (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले

निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भइसकेपछि मृत्यु भएकोमा निज न्यायाधिवक्ताको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।

(४) बहालवाला न्यायाधिवक्ताको तलब वृद्धि हुँदा तलबको शुरु अंकमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाई रकम उपदफा (१), (२) र (३) अनुसार पारिवारिक निवृत्तभरण पाइरहेका व्यक्तिले खाइपाइ आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ ।

(५) कुनै न्यायाधिवक्ताको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउदै मृत्यु भएमा सो रकम निजको परिवारको सदस्यहरु मध्ये यस ऐन बमोजिमको निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ ।

(६) निवृत्तभरण वा उपदान दिंदा मृत न्यायाधिवक्ताले आफ्नो परिवारको सदस्य मध्येमा वा आफ्नो नाबालक भाइ वा अविवाहिता दिदी बहिनी कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि नइच्छाएको भएमा सो न्यायाधिवक्ताको परिवारको सदस्य मध्ये नजिकको हकदारलाई दिइनेछ ।

## परिच्छेद-९

## विविध

**३७. न्यायाधिवक्ताको सुरक्षा** : न्यायाधिवक्ताले संबिधान एवं प्रचलित कानून बमोजिम प्राप्त अधिकार प्रयोग गर्दा ब्यबसायिक ब्यक्ति वा निकायले प्राप्त गर्ने अधिकार, सुविधा र उन्मुक्ति प्राप्त हुनेछ । निजले सदासयपूर्वक आफ्नो विवेक प्रयोग गरी गरेका कार्य उपर प्रश्न गर्ने कसैलाई अधिकार हुनेछैन ।

तर दफा १७ बमोजिमको अवस्थामा निज उपर कारवाही गर्न कुनै बाधा पर्ने छैन ।

**३८. क्षमता विकासः** न्यायाधिवक्ताको ब्यबसायिक कार्य प्रकृतिलाई मध्यनजर गरी निजहरुको क्षमता विकासका लागि नेपाल सरकारले स्वदेश तथा बैदेशिक अध्ययन, तालिम र अबलोकन भ्रमण सम्बन्धी नीति बनाई कार्यान्वययन गर्नेछ ।

**३९. कानून व्यवसाय गर्ने सुविधा** :सेवा शर्तसंग सम्बन्धित प्रचलित कानूनको अधिनमा रही न्यायाधिवक्ताले आफ्नो ब्यबसायिक दक्षता अभिबृद्धि गर्न नेपाल

सरकारको हक हितमा प्रतिकूल असर नपर्ने गरी तथा निजको कार्यालयको काममा बाधा नपुग्ने गरी महान्यायाधिवक्ताको स्वीकृति लिई नेपाल सरकारको स्वामित्व भएको कुनै संगठित सस्थामा कानून ब्यबसाय गर्न वा बहस पैरवी गर्न वा कुनै स्थानीय निकायको कानून ब्यबसाय गर्न वा बहस पैरवी गर्न वा कुनै शैक्षिक, प्राज्ञिक वा बौद्धिक सामाजिक संस्थाको सदस्यता ग्रहण गर्न, अध्ययन, अध्यापन, अनुसन्धान, अन्वेषण, प्रशिक्षणको कार्य गर्न सक्नेछ ।

तर नेपाल सरकारले न्यायाधिवक्तालाई ननप्राक्टीस भत्ता उपलब्ध गराएको अबस्थामा भने कानून व्यवसाय गर्न वा कानूनी सल्लाहकार हुन पाइने छैन ।

४०. **सेवा शर्तको सुरक्षाः** कुनै पनि न्यायाधिवक्तालाई निजको नियुक्ति हुँदा तत्काल कायम रहेको कानून अन्तर्गत प्राप्त पारिश्रमिक लगायतका सुबिधाहरु निजलाई मर्का पर्ने गरी परिवर्तन गरिने छैन ।

४१. **मुद्दाको बहसमा न्यायाधिवक्ताको तजबीजः** न्यायाधिवक्ताले ब्यबसायिक आचरणको पालन गरी आफ्नो तजबीज अनुसार मुद्दामा बहस गर्नेछ । न्यायाधिवक्ताले सो बमोजिम बहस गरेको कारणलाई मात्र आधार लिई निजउपर कुनै कारबाही गरिने वा गाली बेइज्यति मुद्दा चलाईने छैन ।

४२. **अनुसूचीमा हेरफेरः** नेपाल सरकारले परिषद्को सिफरिसमा अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

४३. **सेवा अवधि गणना गरिनेः** यो ऐन बमोजिम नियुक्त न्यायाधिवक्ताले पहिले गरेको सेवा अवधि यो ऐन अनुसारको न्यायाधिवक्ता सेवाको अवधिमा गणना गरिनेछ ।

४४. **कर्मचारीलाई सुबिधा प्रदान गर्नेः** न्यायाधिवक्ता कार्यालयहरुमा कार्यरत न्यायाधिवक्ता बाहेकका अन्य कर्मचारीलाई नेपाल सरकारले मासिक पारिश्रमिकको कम्तीमा पचास प्रतिशत भत्ता उपलब्ध गराउनेछ ।

४६. **नेपाल सरकारसंग सम्पर्कः** महान्यायाधिवक्ताको कार्यालयले नेपाल सरकारसंग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मार्फत गर्नेछ ।

४७. **सपथ ग्रहणः** न्यायाधिवक्ताको पदमा नियुक्ति पाएको ब्यक्तिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-२ को ढाँचामा महान्यायायाधिवक्ता समक्ष सपथ ग्रहण गर्नु पर्नेछ ।

.४८. **<u>नियम बनाउने अधिकार</u>** : यो ऐनको उद्देश्य कार्यान्वित गर्न महान्यायाधिवक्ताले आवश्यक नियम बनाउन सक्नेछ ।

**४९. <u>रुपान्तर</u>:** प्रचलित कानूनमा प्रयोग भएका “सरकारी वकील” भन्ने शब्दको सट्टा “न्यायाधिवक्ता” भन्ने शब्द राखी रुपान्तर गरिएको छ ।

## अनुसूची-१

### (दफा १९ र २१ सँग सम्बन्धित)

### <u>न्यायाधिवक्ताले पाउने पारिश्रमिक तथा सुविधा</u>

१. **पारिश्रमिक**

(क) नायब महान्यायाधिवक्ता मासिक रु ३५,६००।-

(ख) पुनराबेदन न्यायाधिवक्ता मासिक रु ३३,६४०।-

(ग) जिल्ला न्यायाधिवक्ता मासिक रु २८,४१०।-

२. बिजुली, धारा इन्टरनेट र टेलिफोन सुविधा प्रति महिना रु.३,२००।-

## अनुसूची-२

### (दफा ४७ संग सम्बन्धित)

**सपथ**

नेपालको अन्तरिम संबिधान,२०६३ प्रति निष्ठावान रही आफूले ग्रहण गरेको पदको जिम्मेवारी र कर्तब्य पालन कसैको डर, मोलाहिजा, पक्षपात, द्वैष वा लोभमा नपरी इमान्दारीसाथ विवेकपूर्वक गर्नेछू र आफ्नो कर्तब्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुनै कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक अरु कुनैपनि अवस्थामा कसैलाई कुनै माध्यमबाट पनि आफू पदमा बहाल रहे वा नरहेको जुनसुकै अबस्थामा प्रकट गर्ने छैन भनी म ..................................इश्वरलाई साक्षी राखी सदनियतपूर्वक शपथ लिन्छु ।

मिति हस्ताक्षर

प्रस्तुत ऐनको मस्यौदा महान्यायाधिवक्ताको कार्यालय व्यवस्थापन समितिको बैठकबाट मन्त्रिपरिषदको बैठकमा प्रस्तावका रुपमा प्रस्तुत गर्न पठाउने भन्ने सम्म निर्णय भएको अभिलेखका रुपमा महान्यायाधिवक्ताको कार्यालयको वेभसाइटमा अपलोड गरिएको हो ।